आज मिति २०७४ साल मंसीर १८ गतेका दिन यस धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको बैठक अध्यक्ष श्री धर्मसरा पुन ज्यूको अध्यक्षतामा बसी देहायका पदाधिकारीको उपस्थितीमा देहाय बमोजिमका प्रस्ताव माथि छलफल गरी देहायका निर्णय गरियो।

उपस्थिती

धर्मसरा पुन - अध्यक्ष
रेशम छन्त्याल - उपाध्यक्ष
मिन बहादुर छन्त्याल - वडा अध्यक्ष १ नं वडा
राम बहादुर प्रसाद वि.क. - " " २ " "
पूर्ण पुन " " ३ " "
वेग प्रसाद घर्ती " " ४ " "
खड्क कुमारी छन्त्याल " " ५ " "
राजाराम उपाध्याय " " ६ " "
कल्पनिधि शर्मा " " ७ " "
सुवा देवी पुर्जा - निर्वाचित सदस्य
किनमाया घर्ती - " "
तिल कुमारी के.सी. - " "
बाल कुमारी सुनार - " "
राम बहादुर वि.क. - " "
देउ प्रसाद छन्त्याल - " "
अर्जुन शर्मा - सचिव, गाउँकार्यपालिका कार्यालय

प्रस्तावहरु:

१. योजना सञ्चालन सम्बन्धमा
२. प्राविधिक कर्मचारी सम्बन्धमा
३. सामुदायिक स्वास्थ्य क्लिनिक सम्बन्धमा
४. प्रयोगशाला स्थापना सम्बन्धमा
५. औषधि खरिद समिति सम्बन्धमा
६. कर्मचारी छनोट समिति सम्बन्धमा
७. विविध सम्बन्धमा

निर्णयहरु :-

नि.नं.१ प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०७४/७५ का लागि स्वीकृत योजना कार्यान्वयन गर्दा देहायका मापदण्ड स्वीकृत गर्ने निर्णय गरियो।

(क) उपभोक्ता समितिले गर्ने कार्यमा न्यूनतम १०% (दश प्रतिशत) लागत सहभागिता (नगद, श्रम वा जिन्सी) व्यहोर्नुपर्ने।

(ख) आयोजना व्यवस्थापन खर्च (कन्टिन्जेन्सी) बापत ४% (चार प्रतिशत) रकम कट्टा गरी भुक्तानी दिने।

(ग) उपभोक्ता समितिले नियमानुसार पेश्की प्राप्त गर्न दश प्रतिशत धरौटी रकम जम्मा गर्नुपर्ने व्यवस्था गर्ने। कार्य सम्पन्न पश्चात धरौटी फिर्ता गर्ने।

नि.नं.२. यस धवलागिरी गाउँपालिकामा इन्जिनियर र सब-इन्जिनियरको दरबन्दी भएतापनी सो पदमा कर्मचारी खाली रहेको, खटाएको कर्मचारी समेत आउन नमानेकोले तथा तत्काल पदपूर्ति गर्न सम्भव नभएकोले अर्को व्यवस्था नभएसम्म जिल्ला समन्वय समितिबाट खटि आएका अ. सब-इन्जिनियर श्री बालकृष्ण पुर्वेली र गा.पा. ले करारमा नियुक्त गरेका अ. सब-इन्जिनियर श्री दिपेन्द्र थापा लाई प्राविधिक कामकाज गर्ने खटाई आयोजनाहरु तत्काल कार्यान्वयनमा लैजाने निर्णय गरियो। साथै निजहरुलाई देहायबमोजिमको साइट (कार्यक्षेत्र) तोक्ने निर्णय गरियो।

क) अ.स.ई बालकृष्ण पुर्वेली :- वडा नं. ७ ताकम, वडा नं. ६ मराङ, वडा नं. ५ मल्कबाङ र वडा नं. ४ मुदीको रिवाङ, च्यान्चुङ र बगर क्षेत्र।

(ख) अ.स.ई. दिपेन्द्र थापा :- वडा नं. १ गुर्जा, वडा नं. २ लुलाङ, वडा नं. ३ मुना र वडा नं. ४ मुदीको बाँकी क्षेत्र।

नि.नं.३. धवलागिरी गाउँपालिकाको वडा नं. ६ मराङको अरखाङ भन्ने बस्ती मराङ स्वास्थ्य चौकीबाट टाढा भई सेवा प्राप्त गर्न कठिनाई भएकोले प्राथमिक उपचार र खोप क्लिनिक, स्वास्थ्य प्रतिवेदन आदी कामको लागि एउटा अहेव कर्मचारी व्यवस्था गरी सामुदायिक स्वास्थ्य क्लिनिक संचालन गर्ने निर्णय गरियो।

नि.नं.४. प्रस्ताव नं. ४ माथि छलफल गरी धवलागिरी गाउँपालिकाको वडा नं. ७ ताकममा ताकम स्वास्थ्य चौकीमा दिसा, पिसाब तथा खकार परीक्षण गर्ने प्रयोगशालाको स्थापना गर्ने निर्णय गरियो। प्रयोगशाला संचालनको लागि एक जना ल्याब ~~टेक्निसियन~~ असिस्टेन्ट कर्मचारीको व्यवस्था गर्ने र Lab उपकरणको लागि चा.हे. आ.व.को स्वास्थ्य तर्फको रकम [illegible] कार्यक्रमको Automatic dissolution Apparatus लगायतका प्रयोग- व्यवस्थापन गर्ने निर्णय गरियो शाला उपकरण खरिद शिर्षकबाट

नि.नं.५. प्रस्ताव नं. ५ माथि छलफल गरी यस धवलागिरी गाउँपालिकाको स्वास्थ्य संस्थामा आवश्यक औषधि खरिद गर्ने गाउँपालिकाको खरिद इकाईको संयोजकको संयोजकत्वमा स्वास्थ्य शाखा प्रमुख सदस्य रहने गरी औषधि खरिद समिति गठन गर्ने र तत्काल औषधि खरिदको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

नि.नं.६. प्रस्ताव नं. ६ माथि छलफल गरी स्वास्थ्य संस्था तर्फका आवश्यक कर्मचारी प्रयोगशाला, सामुदायिक स्वास्थ्य क्लिनिक, स्वास्थ्य चौकी आदी छनोट गर्नका लागि तपसील बमोजिम एक छनोट समिति गठन गर्ने निर्णय गरियो।

संयोजक :- श्री अर्जुन शर्मा, प्रमुख प्रशासकीय अधिकृत
सदस्य :- श्री लोकनाथ पौडेल, स्वास्थ्य संयोजक
सदस्य :- श्री राजाराम उपाध्याय

नि.नं.७. विविध विषयमा छलफल गरी देहाय बमोजिमका निर्णय गरियो।

(क) ध.गा.पा. वडा नं. ५ मल्कबाङ कल्भर्ट पुल निर्माणको लागि विपद् व्यवस्थापन /प्रकोप व्यवस्थापन शिर्षकबाट रु. १००,०००/- (एक लाख रुपैयाँ) विनियोजन गर्ने निर्णय गरियो।

(ख) ताकम कृषि शाखा कार्यालयबाट दलित बस्ती ढुंढ काफलडाँडा पुग्ने मोटरबाटो र हिल्लपोखरी देखि सिबाङ मुख्य बाटोमा जोड्ने मोटरबाटोको लागत अनुमान तयार गरी बजेटको लागि आगामी बैठकमा पेश गर्ने निर्णय गरियो।

(ग) लुलाङ दलित बस्तिमा संस्कृति संरक्षणको लागि लाडिने कार्यतर्फ विनियोजित बजेटबाट रु ४८,५००।- (अठ्चालीस हजार पाँच सय मात्र) विनियोजन गर्ने निर्णय गरियो।

(घ) वडा नं. ६ मराङ स्थित मराङ स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर संचालनको लागि सोलार जडान (सार्वजनिक सम्पत्तिको मर्मत वडातर्फबाट सम्बोधन हुने गरी) गर्ने निर्णय गरियो।

(ङ) वडा नं. ४ मुदीको वनमा ORC भवनको लागि स्वास्थ्य तर्फको ORC भवन निर्माणबाट रु. १,००,०००।- (अक्षरेपी एक लाख रुपैया मात्र) विनियोजन गर्ने निर्णय गरियो।

(च) मौना आपानको आयोजनामा भएको गाउँपालिकाका पदाधिकारीको सहभागिता तथा कार्यक्रम खर्च व्यवस्थापनतर्फ भएको खर्च रु. १६८,०००।- (अक्षरेपी रु. एक लाख अठसट्ठी हजार मात्र) अनुमोदन गर्ने निर्णय गरियो।

(छ) धवलागिरी गाउँपालिका वडा नं. ७ ताकममा मिति २०७४।६।१५ र १६ गते घुम्ती सेवा (नागरिकता, अपाङ्गता परिचय पत्र आदि) संचालन गरेबापत खाना र खाजा खर्च बापतको रु. ५१,२२०। (अक्षरेपी एकाउन्न हजार दुई सय बीस मात्र) अनुमोदन गरी भुक्तानी गर्ने निर्णय गरियो।